' बहुमुल्य जडिबुटी अर्गानिक खेति तामाखानी छायाक्षेत्र पर्यटन पूर्वाधार- समृद्ध समुन्नत मुगुम कार्मारोंङका आधार"
मुगुम कार्मारोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पुलु, मुगु

प.सं ०७९/८०
च.नं

कर्णाली प्रदेश ,नेपाल

## विज्ञप्ति

मुगुम कार्मारोङ गाउँपालिकाको १२ औं गाउँसभा मिति २०८० असार १० गते सुरुभई २०८० असार ११ गते सम्पन्न भएको सहर्ष जानकारी गराउँन चाहन्छौं |

मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरीङ क्याम्पे लामा ज्यु बाट पेश भएको आर्थिक वर्ष ०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमका साथै उपाध्यक्ष श्री छिरीङ पुटी लामा ज्यु बाट पेश भएको आर्थिक वर्ष ०८०/०८१ को रु. ३८४१३७४०० (अक्षरुपी अड्तीस करोड एकचालीस लाख सैंतिस हजार चार सय रुपैयाँ) को अनुमानित आय/व्ययको विवरण १२ औं गाउँसभाले सर्वसम्मत पारित गरेको छ |

गाउँसभाले आगामी आ.व ०८०/०८१ मा विद्युत सेवामा अब जोडिन बाँकी गाउँपालिकाको एकमात्र बस्ति वडा नं १ को डोल्फु लाई सौर्य उर्जा प्रणाली मार्फत विद्युत सेवाको पहुँचमा ल्याई उज्यालो गाउँपालिका घोषणा गर्ने, उत्प्रेरित शिक्षक, जागरुक अभिभावक कार्यक्रम संचालन गर्ने, गाउँपालिकाको प्रशासनिक भवन विस्तार, स्थानीय रैथाने बालिको उत्पादन र प्रवर्दन तथा कृषक हरुलाई प्रोत्साहनका लागि विउं पुँजी (Seed Money) उपलब्ध गर्ने, स्वास्थ्य संस्थाहरुको स्तरोन्नति, पर्यटन क्षेत्रको विकासको लागि श्रोत र बजारको पहिचान र प्रवर्दन तथा स्थानीय कला, भाषा, साहित्य आदिको संरक्षण गर्न मुगुम कार्मारोङको प्रज्ञाप्रतिष्ठानको संरचनागत सुरुवात, दक्ष जनशक्ति उत्पादनको लागि उपयुक्त श्रमिकहरु छनौट गरि सिकर्मी/डकर्मी तालिम संचालन, श्रम बैंकमा सुचिकृत बेरोजगार व्यक्ति हरुलाई वर्षमा कम्तिमा १८० दिन रोजगारीको सुनिश्चीतता, स्थानीय बाल संरक्षणकोष स्थापना, वृद्ध तथा अशक्त हरुको लागि सामाजिक सुरक्षा भत्ता प्राप्तिको लागि घरदैलोमै बैंकिंग भुक्तानी, वडा नं १,३ र ४ मा इन्टरनेट सेवा विस्तार गर्ने लगायतका मुख्य- मुख्य विषय हरु लाई प्रथामिकतामा राखेको छ |

अन्त्यमा १२ औं गाउँसभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरि आफ्नो महत्वपूर्ण सुझाव दिन पाल्नु भएका जिल्ला समन्वय समितिका उप-प्रमुख श्री नैली कार्की, नि.वर्तमान जि.स.स प्रमुख श्री पूर्ण बहादुर रोकाया लगाएत विभिन्न राजनैतिक दलका प्रतिनिधि, स्थानीय वुद्धिजिवी, शिक्षक, समाजसेवी, पत्रकार, सुरक्षाकर्मी र सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै स्वीकृत बजेट नीति तथा कार्यक्रमको प्रभाकारी कार्यान्वयनका लागि यहाँहरु सबैको निरन्तर सहयोगको अपेक्षा गर्दछौं | धन्यवाद |

सोबेन्द्र मल्ल
सुचना संचार तथा प्रविधि अधिकृत

टेलीफोन नं :९८५८३२२७३७
ई -मेल -:ito.mugumkarmarongmun@gmail.com,info@mugumkkarmarongmun.gov.np
वेब साइट:-www.mugumkarmarong.gov.np, फेसबुक@:mugumkarmarongmunट्वीटर ,
@: mugumkarmarong

Scanned with CamScanner